# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखरी), नेपाल, वैशाख २६ गते, २०८० साल (अतिरिक्ताङ्क ०६


# भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्रि तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार (मन्त्रिपरिषद्) को मिति २०८०/०१/२६ को बैठकबाट **"मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सेवा सुविधा सम्बन्धी ऐन, २०७५ को अनुसूची-२ मा हेरफेर"** गर्ने निर्णय भएकोले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

लुम्बिनी प्रदेश मुख्यमन्त्री र मन्त्रीको पारिश्रमिक तथा सुविधा सम्बन्धी ऐन, २०७५ को दफा १५ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले सो ऐनको अनुसूची-२ मा देहाय बमोजिमको हेरफेर गरेको छ ।

**क. अनुसूची २ को तालिकामा रहेको क्रमसंख्या १ र २ को सट्टा देहायको क्रमसंख्या १ र क्रमसंख्या ३,४ र ५ को सट्टा देहायको क्रमसंख्या २ कायम गरी क्रम मिलाउने ।**

| क.स. | सचिवालयमा रहने कर्मचारीहरुको विवरण | इकाई | मुख्यमन्त्री | मन्त्री | राज्यमन्त्री | सहायक मन्त्री |
|---|---|---|---|---|---|---|
| १ | सल्लाहकार | जना | २ | - | - | - |
| २ | विज्ञ | जना | ३ | - | - | - |

**ख. अनुसूची २ को द्रष्टव्यको क्रमसंख्या ३ को सट्टा देहायको क्रमसंख्या ३ राख्ने।**

*"३. क्रमसंख्या १ मा जुनसुकै कुरा लेखिएको भएतापनि खण्ड (क) को क्रमसंख्या १ मा सल्लाहाकारको पारिश्रमिक प्रदेश सरकारको राज्यमन्त्री सरह र क्रमसंख्या २ को विज्ञको पारिश्रमिक प्रदेश सरकारको एघारौं तहको कर्मचारी सरह हुनेछ र सल्लाहकार र विज्ञलाई प्रदेश सरकारले सवारी साधन सुविधा उपलब्ध गराउने छ ।"*

**आज्ञाले,**
**राजेन्द्र थापा**
**कानून सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला, कानून तथा सहकारी मन्त्रालय